# *UW–Madison* का सबै विद्यार्थीहरूलाई यस क्याम्पसका शरद ऋतु शैक्षिक सत्रमा पुरानै तालिका अनुसार (सुधारिएको व्यवस्था सहित) स्वागत गर्दछौँ।

यस *University of Wisconsin–Madison* ले पुरानै तालिका अनुसार सेप्टेम्बर २, २०२० देखि *Thanksgiving* को बिदा सम्म विभिन्न विषयका पाठ्यक्रमहरू कक्षाकोठामै पठन-पाठन गराउने योजना छ। पाठ्यक्रमको संरचना तथा शिक्षणविधि को बारेमा सम्बन्धित विभागहरूले आ-आफ्ना स्कूल वा कलेजका विभागीय डीनहरूसँग समन्वय गरेर निर्धारण गर्नेछन्। जसमा व्यक्तिगत रूपमा अमेरिका फर्कन नसक्ने विद्यार्थीहरूका लागि समेत उपयुक्त हुने पाठ्यक्रम निर्देशन तयार गरिनेछ।

*Thanksgiving* को बिदा पछि भने *UW–Madison* का अन्तिम 9 दिनका कक्षा निर्देशन तथा परीक्षा कार्यक्रमहरू भर्चुअल ढाँचा *virtual format* मा सञ्चालन हुनेछन्। *Thanksgiving* को बिदामा विद्यार्थीहरू क्याम्पस बाहिर जाने र म्याडिसन फर्कने क्रममा *COVID-19* को प्रकोप बढ्न सक्ने अनुमानको आधारमा यस्तो निर्णय गरिएको हो।

समुदायको स्वास्थ्य सुरक्षालाई मध्य नजर राख्दै विश्वविद्यालयको सञ्चालन विधिमा सामुदायिक स्वास्थ्य सेवाको मार्ग दर्शन अनुसार परिमार्जन/परिवर्तन गरिनेछ। यस योजनालाई *"Smart Restart,"* भनिनेछ, विश्वविद्यालयको यस्तो रूपरेखाले कक्षा निर्देशन, स्वास्थ्य र सुरक्षा, बसोबास तथा खाने व्यवस्था, *housing and dining* र अन्य धेरै कुराहरूको दृष्टिकोण बनाउन मद्दत मिल्नेछ। अन्तिम निर्णय नभएसम्म योजनाहरू विकसित भइ रहने छन् र नयाँ सूचनाहरू प्रवाहित भइ रहने छन्। जब नयाँ निर्णयहरू आउने छन्, यसै गरि नियमित रूपमा सूचना दिइनेछ। विशेष गरि स्नातक, व्यावसायिक र अन्तर्राष्ट्रिय विद्यार्थीहरू लाई छिट्टै नयाँ सूचनाहरू प्रवाह गरिनेछ।

"यो *COVID-19* को उथलपुथलको अवस्थालाई यसरी सामूहिक रूपले क्याम्पस समुदायले रोकथाम गर्न सहयोग गरेकोमा म अत्यन्तै आभारी छु। अबको समय शरद ऋतु शैक्षिक सत्र शुरू गर्ने समयको हो," चान्सलर *Rebecca Blank* भन्नुहुन्छ, "हाम्रा विद्यार्थीहरू, तथा तिनिहरूका परिवार सदस्यहरू एवम् अभिभावकहरू, तपाइँहरूको समझदारी र लचिलोपनको लागि यहाँहरूलाई धेरै धन्यवाद छ। हाम्रा सङ्कायका कर्मचारीहरू, वसन्त सत्रको कठिन महामारीसँग जुझ्न सक्षम तपाइँहरूको कडा परिश्रम र अनुकूलन क्षमताको लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। यद्यपि आउँदो शैक्षिक वर्ष भिन्न हुनेछ भन्ने आशा छ, हाम्रा विद्यार्थीहरूलाई प्रभावकारी र सुरक्षित सिकाइको वातावरण निर्माण गर्न र महामारीको प्रभावलाई न्यूनतम अवस्थामा कायम राख्न हाम्रा सबै प्रयास निरन्तर राख्ने छौं।

## स्वास्थ्य र सुरक्षा

यस विश्वविद्यालयका विद्यार्थी, सङ्काय र कर्मचारीहरूको स्वास्थ्यमा पर्न सक्ने *COVID-19* को जोखिम कम गर्ने कुरामा *UW–Madison* प्रतिबद्ध छ। रोगको प्रकोप जोखिम न्यूनिकरण गर्नका लागि *UW–Madison* ले नियमित परीक्षण गर्ने, सर-सफाइमा ध्यान दिने, अनुहार ढाक्ने, र रोगका लक्षणको अनुगमनमा सम्भव भए सम्म कठोर दृष्टिकोण सहितको रणनीति अवलम्बन गर्नेछ।

सङ्क्रमणको नियमित परीक्षण नै रोग पत्ता लगाउने र यसलाई फैलन नदिने प्रमुख साँचो हो। *UW* ले परीक्षणको लागि तीन-तहको परीक्षण योजना लागू गर्नेछ:

- सबै क्याम्पस समुदायमा निःशुल्क र असीमित *drop-in* परीक्षण केन्द्रहरू सञ्चालन गरिनेछ।
- निगरानी परीक्षण को माध्यमबाट सम्भावित सङ्क्रमितको पहिचान गर्न र क्याम्पसमा भाइरसको प्रसारण रोक्न सहयोग पुग्नेछ। यसको लागि चक्रिय आधारमा हरेक दिन 10 जनाको स्वयंसेवक समूहको परीक्षण गरिनेछ , एक हप्तामा 2,000 जना सम्मको परीक्षण गिरनेछ। यो अवधारणाले तुरुन्तै लक्षित समूह पत्ता लगाउन र ठूलो जोखिमबाट जोगिन सहयोग गर्नेछ।
- लक्षित परीक्षण त्यो समूहमा गरिनेछ, जो हेरचाहको विशेष काममा खटिएका हुन्छन्। उदाहरणको लागि सबै आवास गृहमा बस्ने र काम गर्ने विद्यार्थी तथा कर्मचारीहरूको नियमित परीक्षण गरिनेछ। (*University Apartments* मा बस्ने भाडावालमा यो व्यवस्था लागू हुने छैन।)

विश्वविद्यालयले *Public Health Madison* र *Dane County* बाट विशेष तालिम प्राप्त व्यक्तिहरूको संयोजनमा *contact tracers* नियुक्ति गर्नेछ। यदि विश्वविद्यालय आवास परिसरमा कुनै सङ्क्रमित भेटिएमा वा सङ्क्रमितको संसर्गमा भएमा र *self-isolate* वा क्वारेन्टाइनमा बस्नु परेमा उनीहरूलाई छुट्टै कोठा र स्नानगृह उपलब्ध गराइनेछ।

यदि अरू सावधानीका माध्यमहरूः अनुहार ढाक्ने, भौतिक दूरी कायम राख्ने, स्वास्थ्य/सरसफाइमा ध्यान दिने, र लक्षणको अनुगमन भए मात्र प्रभावकारी परीक्षण सफल हुनेछ।

- क्याम्पसभित्रका सबै सार्वजनिक स्थलमा, कक्षाकोठा , लगायतका स्थानमा र बाहिर पनि जहाँ भौतिक दूरी कायम राख्न सम्भव हुँदैन, त्यस्ता स्थानहरूमा अनिवार्य अनुहार छोप्नु पर्नेछ। यदि कसैलाई स्वास्थ्यको कारणले अनुहार छोप्न सम्भव हुँदैन भने उनीहरूलाई विशेष व्यवस्था मिलाइनेछ।
- सम्भव भएसम्म सबै कक्षाकोठा हरू, काम गर्ने ठाउँहरू लगायतका सार्वजनिक स्थलमा भौतिक दूरी कायम राख्न अनिवार्य गरिनेछ।
- क्याम्पस परिसरको सर-सफाइमा नयाँ प्रविधि लागू गरिनेछ। विद्यार्थीहरूलाई प्रयोग गर्नु पूर्व डेस्क र सिट सफा गर्न आवश्यक सामग्री उपलब्ध गराइनेछ र कर्मचारीहरूलाई पनि कार्यस्थल सफा राख्न अनुरोध गरिनेछ।
  क्याम्पस समुदायका सबै सदस्यहरूले आफूमा *COVID-19* को लक्षण भए नभएको निगरानी दैनिक आफैं गर्नुहुनेछ भन्ने अपेक्षा गरिन्छ, र यदि कुनै लक्षण देखिएमा, तुरुन्तै परीक्षण गराइ क्वारेन्टाइनमा बस्नु हुनेछ। आवश्यक भएमा *COVID-19* को शैक्षिक सत्र पनि प्रदान गरिनेछ।

क्याम्पस परिसर र समुदायको स्वास्थ्य रक्षा गर्नु बृहत् सामुदायिक उत्तरदायित्व हो। शैक्षिक सत्र 2020-21 मा आफ्नो तथा महत्वपूर्ण रूपमा सम्पूर्ण क्याम्पस समुदायको स्वास्थ्य रक्षा गर्न सबै विद्यार्थी, सङ्काय र कर्मचारीहरूमा विविध अवधारणाहरू परिपालन गर्न अनुरोध गरिनेछ।

## निर्देशनहरू

आगामी शरद ऋतु शैक्षिक सत्रमा *UW–Madison* को, प्रत्यक्ष कक्षा सञ्चालन एवम् केही *virtual instruction* को मिश्रण सहित पूर्ण पाठ्यक्रम सञ्चालन हुनेछ। हामीलाई आशा छ कि, सबै विद्यार्थीहरू म्याडिसनमा हुनेछन्, हामीलाई यो

पनि थाहा छ कि केही विद्यार्थीहरू व्यक्तिगत रूपमा यहाँ आउन सक्ने छैनन्। हामी उनीहरू लगायत क्याम्पसमा रहने विद्यार्थीहरूलाई समेत समेट्ने गरी योजनाहरू बनाएका छौं।

हाम्रो क्याम्पसमा विद्यार्थी, सङ्काय र कर्मचारीमा सङ्क्रमणको जोखिम कम गर्न विश्वविद्यालयले कक्षाकोठामा भौतिक दूरी कायम राख्न र विश्वव्यापी महामारीको लागि अनुहार छोप्ने आवश्यकताहरुलाई पालना गर्नेछ (परीक्षण*, contact tracing,* र लक्षण अनुगमन पनि पालना गर्ने)। विद्यार्थीहरूलाई आफ्नै अनुहार छोप्ने साधन लिएर आउन अनुरोध गरिनेछ, साथै विश्वविद्यालयले पनि थप प्रदान गर्नेछ। प्रत्यक्ष सञ्चालित कक्षामा भौतिक दूरी कायम राख्न जोड दिइनेछ र सबै विद्यार्थिलाई कक्षाकोठा मा अनुहार छोप्न अनिवार्य गरिनेछ। यसको अतिरिक्त, विद्यार्थिलाई आफ्नो बस्ने ठाउँ सफा गर्न आवश्यक सामग्री हरेक कक्षाकोठा मा विश्वविद्यालयले उपलब्ध गराउनेछ। हरेक कक्षाकोठामा हातलाई निर्मलीकरण गर्ने *hand sanitizer* हुनेछ।

भौतिक दूरी कायम राख्न, कक्षा कोठाहरूमा 50 जना भन्दा थोरै विद्यार्थी राखेर कक्षा सञ्चालन गरिनेछ। जे भए ता पनि, 100 भन्दा बढी वा 50 देखि 100 जना विद्यार्थी भर्ना हुने ठूला पाठ्यक्रमका लेक्चर कक्षाहरूमा भने भौतिक दूरी कायम राख्न सम्भव हुने छैन। यस्ता ठूला आकारका कक्षाका विद्यार्थीहरूलाई साना समूहका छलफल/समस्या समाधानका प्रत्यक्ष सत्रमा सहभागिताका साथै उच्च प्रविधि युक्त दूर-शिक्षण सत्र सञ्चालन गरिनेछ। यस्तो परिवर्तनले थोरै मात्र प्रत्यक्ष कक्षा *in-person* सञ्चालन गर्न सम्भव हुनेछ, किनकी हामीसँग थोरै मात्र ठूला आकारका कक्षा कोठाहरू उपलब्ध छन्। जसको फलस्वरूप, हामीले केही कक्षाहरू साँझमा वा शनिवारहरूमा पनि सञ्चालन गर्नु पर्ने हुन सक्छ।

विद्यार्थिलाई कक्षामा उपस्थित हुन अनिवार्य गरिने छैन। हरेक अण्डर ग्राजुएटहरूलाई स्तरीय *virtual learning* को छनोट उपलब्ध गराउन विश्वविद्यालयले प्रयत्न गर्नेछ, र यस्तो परिस्थितिमा पनि विद्यार्थीको सिकाई प्रगतिमा असर पर्न नदिने अपेक्षा रखेकाछौं। उच्च गुणस्तरका दूर-शिक्षाका कक्षा सञ्चालन गर्न थप प्रविधि तथा जनशक्ति तालिममा विश्वविद्यालयले प्रशस्त लगानी बढाउने छ।

हरेक स्नातक र व्यावसायिक तहका कायक्रमका आवश्यकतालाई सम्बोधन गर्न हरेक सम्भव प्रयास गरिनेछ। यसो भएता पनि, केही स्नातक र व्यावसायिक तहका कायक्रममा चाहिने व्यक्तिगत प्रशिक्षण विधिलाई सामान्य रूपमा *virtual* विधिमा रूपान्तरण गर्न सम्भव हुँदैन। विद्यार्थिका यस्ता व्यक्तिगत समस्या समाधान गर्न सम्बन्धित कार्यक्रम संयोजक सँग सम्पर्क राख्न प्रोत्साहित गरिन्छ।

कक्षाहरू व्यक्तिगत प्रशिक्षण*, virtual* वा दुबैको मिश्रित भएतापनि सबै शिक्षण शुल्कहरू समान हुनेछन्। शरद-कालीन शैक्षिक सत्रमा भर्ना भइ सकेका सबै विद्यार्थिहरूलाई उनीहरूका पाठ्यक्रम तालिकामा भएका परिवर्तनको सूचना जुलाईको अन्त्य सम्ममा जानकारी गराईनेछ। कक्षाका समय, दिनहरू, स्थान र शिक्षण विधि *(in person or remote)* थपघट हुन सक्नेछन्। यदि विद्यार्थिहरूले चाहेमा, नयाँ शिक्षण तलिका अध्ययन पछि पनि, विचाराधीन पाठ्यक्रमको छनौट गर्न र परिवर्तन गर्न सक्नेछन्।

साना समूहको कक्षा नयाँ विद्यार्थीहरूको लागि महत्त्वपूर्ण हुने भएकोले, विश्वविद्यालयले *FIGs* भनिने प्रथम-वर्षका रुचि समूह *(First-Year Interest Groups)* को मजबूत तलिका प्रस्ताव गर्नेछ, जुन व्यक्तिगत प्रशिक्षण *(in person)* र *virtual* शिक्षण जसमा विद्यार्थि क्याम्पसमा उपस्थित हुन सक्दैनन्, सबैको लागि उपयुक्त हुनेछ। यी कक्षाहरू UW कक्षाका विषय र

शीर्षकमा साझा ज्ञान अनुसन्धान गर्न एक सूत्रमा आवद्ध भइ बिशिष्ट समूह हुनेछन्, जसरि विश्वव्यापी राजनीतिमा बातावरण वा खाद्यान्न समूह एक अर्का सँग आवद्ध रहेका हुन्छन् । यो शरद-कालीन सत्रमा करिब 60 *FIGs* प्रस्ताव गरिनेछ ।

यहाँ पाठ्यक्रमका दुइवटा विस्कन्सिन अनुभव *"Wisconsin Experience"* हुनेछन्, जहाँ उत्कृष्ट प्रशिक्षकहरूबाट दिइने *virtual* कक्षाहरू, तर साथ साथै साना समूहमा दिइने व्यक्तिगत प्रशिक्षण *(in person)* र *virtual* कक्षाका सामूहिक छलफल पनि समावेश हुनेछन् । यस मध्येको एउटा पाठ्यक्रम *"Forward: Pandemic, Resilience and the Wisconsin Idea,"* जसले विश्वव्यापी महामारीसँग सम्बन्धित चिकित्सा, अर्थशास्त्र, र सामाजिक प्रभाव बारेको अनुभव दिनेछ । अर्को पाठ्यक्रमको केन्द्रबिन्दु भनेको *"Purposeful Action: Parkland, Protest and You,"* हुनेछ, यसले दु:खकष्टहरूले कार्य र परिवर्तन उत्पन्न गर्न सक्ने तरिकाहरूमा केन्द्रित हुनेछ । यस कक्षाले विश्वविद्यालयको *Go Big Read* पुस्तक, *"Parkland: Birth of a Movement,"* प्रयोग गर्नेछ जसमा *Parkland*, फ्लोरिडाको *Marjory Stoneman Douglas High School* मा भएको गोली हनाइको बारेमा छ, तर अन्य उदाहरणहरुका बारेमा कुरा गर्नेछ जहाँ दु: खपूर्ण वा अन्यायपूर्ण घटनाहरूले जातीय न्याय आन्दोलन जस्तै राजनीतिक कार्य उत्पन्न गर्छन् ।

विभागहरू, सम्बन्धित डीनको कार्यालयहरूको मार्गदर्शन सहित, यो शरद ऋतुको प्रस्ताव गर्ने पाठ्यक्रम र पाठ्यक्रमहरू घरबाट, व्यक्तिगत रूपमा वा दुवै तरिकाले प्रस्तुत गरिन्छ कि हुँदैन भन्ने कुरा निर्धारण गर्नेछन् । स्कूलहरू र कलेजहरू, उनीहरूको विभागहरूको परामर्श लिएर व्यक्तिगत प्रशिक्षकहरूसँग काम गर्दछन् जसका लागि समय तालिका वा स्वास्थ्य सीमितता हुन सक्छ जुन केही अनुकूलन आवश्यक पर्दछ ।

# हाउजिङ्ग र डाइनिङ्ग

शरद ऋतुमा विश्वविद्यालयले साझा ठाउँमा बढाईएको सुरक्षा प्रोटोकलको साथ आफ्नो सबै आवास हलहरू सञ्चालन गर्न चाहन्छ । कोठा चाहने सबैलाई कोठा प्रदान गर्दै समग्र जनघनत्व घटाउन रणनीतिहरूको मूल्याङ्कन भैरहेको छ । धेरै जसो कोठामा दुईजना बासिन्दाहरू हुनेछन् । भौतिक दूरी सजिलो बनाउन, लाउन्ज क्षेत्रहरू पुन: व्यवस्थित गरिनेछ र केही साझा ठाउँहरू बन्द हुनेछन् ।

आवासीय हलहरूमा सबै विद्यार्थी र कर्मचारीहरूको नियमित रूपमा भाइरसको लागि परीक्षण गरिनेछ । विश्वविद्यालयले एक परीक्षण विधि पालना गर्दैछजसले नमूनाहरू सङ्कलन गर्न सजिलो बनाउँदछ र भित्रसम्मको नाकको स्वाब समावेश गर्दैन ।

यस शरद ऋतुमा आवास हलहरूमा प्रवेश र बाहिर निस्कने व्यक्तिको सङ्ख्या कम गर्न, विश्वविद्यालयले केवल बासिन्दाहरूलाई मात्र आवत जावत गर्न सीमित गर्नेछ; कुनै पाहुनाहरुलाई भित्र आउने अनुमति दिईने छैन । यो नीति *Gordon Dining & Event Center* र *Dejope* आवास हल भित्रको *Four Lakes* बजार सहित युनिभर्सिटी हाउजिङ्गद्वारा सञ्चालित सबै क्याम्पस भोजन परीसरहरूमा पनि लागू हुनेछ । हाउजिङ्ग निवासी र हाउजिङ्ग कर्मचारीहरूलाई मात्र आवत जावत गर्न सीमित गरिनेछ र आम जनता, क्याम्पस बाहिरका विद्यार्थीहरू, वा हाउजिङ्गमा काम नगर्ने संकाय र कर्मचारीहरूका लागि आवत जावत मनाही गरिनेछ ।

*Dine-in* सेवा यी आवास सुविधाहरूमा युनिभर्सिटी हाउजिङ्गका बासिन्दाहरूको लागि उपलब्ध भएतापनि, *grab-and-go* विकल्पहरूमा जोड दिईनेछ । भोजन हलहरूमा बस्ने ठाउँ हुनेछन्, तर भौतिक दूरी र कम जनघनत्वको साथ मात्र ।

## कार्यस्थलको योजना

गर्मी महिनाहरूमा हामी प्रयोगशालाहरूको साथै कार्यक्षेत्र लगायत क्याम्पसका थुप्रै क्षेत्रहरूको चरणबद्ध पुनः खोल्ने काम गर्नेछौं। कर्मचारीहरूलाई जोगाउन, क्याम्पसमा काम पहिले भन्दा फरक तरिकाले चल्नेछन्।

सबै कर्मचारीहरूले माथि उल्लेखित स्वास्थ्य मार्गदर्शनहरूको पालना गर्नुपर्नेछ। वहाँहरूले भित्री सार्वजनिक स्थानहरूमा अनुहार ढाक्ने चीजहरू लगाउने अपेक्षा गरिन्छ। साझा कार्यालयहरूमा भएका व्यक्तिहरूले भौतिक दूरी सुनिश्चित गर्नका लागि आफ्नो कार्यक्षेत्र पुन: व्यवस्थित गर्न आवश्यक पर्नेछ। सबैलाई सरसफाई प्रोटोकलको पालना गर्न र लक्षणहरूको लागि आत्म-अनुगमन गर्न सोधिनेछ।

कार्यस्थलहरूमा जनघनत्व कम गर्नका लागि, कार्य यूनिटहरूले *telecommuting* र व्यक्तिगत कामको उत्तम मिश्रणको मूल्याङ्कन गर्नेछन्। केही अवस्थाहरूमा, बेग्ला बेग्लै समयमा काम गर्नाले कुनै एक समयमा कार्यस्थलमा कर्मचारीहरूको सङ्ख्या कम गर्न सहयोग गर्दछ। अहिलेको लागि, घरबाट काम गरिरहेका कर्मचारीहरूले त्यसो गर्न जारी राख्नुपर्दछ। काममा फर्कने बारेमा थप मार्गदर्शन पछिको सन्देशहरूमा प्रदान गरिनेछ।

विश्वविद्यालयले सङ्क्रमणको जोखिम बढी भएका कर्मचारीहरूसँग मिलेर काम गर्ने छ। यदि सम्भव भएमा, विश्वविद्यालयले उचित ठाउँ बनाउनेछ जसले गर्दा यी कर्मचारीहरूले कम जोखिम भएको वातावरणमा काम गर्न पाउनेछन्।

## आउन बाँकी

यस शरद ऋतुको सञ्चालन सम्बन्धी थप विस्तृत जानकारी हाम्रो योजना प्रक्रिया अगाडि बढ्ने क्रममा आउनेछ। उदाहरण को लागि, विश्वविद्यालय *Wisconsin Union*, स्वास्थ्य सेवा, विद्यार्थी संगठनहरू, मनोरञ्जन कार्यक्रम र खेलकुद कार्यक्रमहरू सहित विभिन्न विद्यार्थी जीवन गतिविधिहरूको लागि आफ्नो दृष्टिकोण मूल्याङ्कन गर्ने प्रक्रियामा छ।

योजनाहरू अन्तिम चरणमा पुगेपछि क्याम्पस समुदायलाई थप जानकारी प्रदान गरिनेछ। "*Smart Restart*" वेबसाईट पनि लगातार अपडेट हुनेछ। Questions can be sent to or call प्रश्नहरू भएमा askbucky@uwmad.wisc.edu मा ईमेल गर्न वा *Campus and Visitor Relations* लाई 608-263-2400 मा सम्पर्क गर्न सकिन्छ।

विश्वविद्यालयले कोरोनाभाइरसको लागि कसरी प्रतिक्रिया दिएको छ भन्ने बारे थप जानकारीको लागि, कृपया *COVID-19* वेबसाईटमा जानुहोला।